आज मिति २०६६ साल असोज ३० गते शुक्रवार का दिन बिर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री ध्रुव कुमार शिवाकोटीको अध्यक्षतामा बसी निम्न सदस्यहरुको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो।

## उपस्थिति

नगर प्रमुख : श्री ध्रुव कुमार शिवाकोटी
नगर उप प्रमुख : श्री पवित्रा देवी भण्डारी
१ नं. वडा अध्यक्ष : श्री भगनी प्र. पाण्डे
२ " : श्री नगेन्द्र प्र. सेंग्रौला
३ " : श्री भीमराज सिटौला
४ " : श्री कुल प्र. सेंग्रौला
५ " : श्री राजेन्द्र प्र. लिङ्देन
६ " : श्री सुरेश प्र. कदङ्वा
७ " : श्री चन्द्रकला पकुवाल
८ " : श्री देवेन्द्र पाण्डे
९ " : श्री पवित्रा पाठक
१० " : श्री दुर्योधन गुरुङ

कार्यपालिका सदस्य : श्री सुरेन राजवंशी
" : श्री भागिरथी आचार्य
" : श्री द्रौपदी गणेश
" : श्री नीता छतानी
" : श्री गिता घिमिरे
" : श्री संगिता खिवा
" सचिव : श्री गणेश प्र. दाहाल

Scanned with CamScanner

**निर्णय नं १ :- बिर्तामोड नगरपालिकाभित्र समेत कोभिड १९ को संक्रमण प्रतिदिन बढिरहेकाले कोभिड १९ रोकथाम नियन्त्रण तथा उपचार समेतलाई मध्यनजर राखी निम्नानुसार गर्ने गराउने निर्णय गरियो ।**

१) बिर्तामोड नगरपालिका र नगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरुबाट प्रदान गरिने अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण सेवा २०७७ साल कार्तिक २ गतेदेखि कार्तिक ६ गतेसम्म बन्द गरिएको छ ।

२) बैक, वित्तिय संस्था तथा सहकारी संस्थाहरुले प्रदान गर्ने नगद लिने तथा दिने सेवा बाहेकका अन्य सेवा बन्द गर्ने । बैक, वित्तिय संस्था तथा सहकारी संस्थाहरुले प्रदान गर्ने सेवालाई सुरक्षित र व्यवस्थित गरी स्वास्थ्य मापदण्ड र भौतिक दूरी कायम गरी प्रदान गर्ने व्यवस्था गर्ने ।

४) अत्यावश्यक सेवा बाहेक विद्युत महसुल, खानेपानी महसुल, टेलिफोन महसुल लगायतका सेवा समेत बन्द गर्ने ।

५) दशै लगायतका चाडपर्व मनाउने क्रममा भिडभाड हुन सक्ने भएकोले भिडभाड नहुने गरी आ-आफ्नो परिवार भित्रमा नै मनाउन र चाडपर्वमा भेला, महोत्सव, जात्रा, हाटबजार, सांस्कृतिक कार्यक्रमजस्ता भिडभाड हुने कार्य नगर्ने नगराउने ।

६) विजयादशमीको अवसरमा नगरपालिका क्षेत्र भित्र रहेका मठ मन्दिर, पिठमा हुने धार्मिक तथा सांस्कृतिक पूजा, मेला, जात्रामा हुने आम भेला र सहभागितालाई कम गर्ने, गर्नैपर्ने पूजा विधि न्यून भक्तजनको उपस्थितिमा मात्र गर्न तथा सबैप्रकारका मेला, जात्रा तथा पर्वका कार्यक्रमहरु नगर्ने ।

७) विजयादशमीको अवसरमा टीका लगाउने, आर्शिवाद लिने धार्मिक एवम् सांस्कृतिक प्रचलनलाई एकाघर भित्र सिमित राख्ने । टीका ग्रहण गर्दा जेष्ठ नागरिक, विरामी र बालबालिकाहरुलाई अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड कायम गर्न सम्बन्धित परिवारलाई विशेष ध्यान पुऱ्याउन आग्रह गर्ने ।

८) नगरवासीलाई बजारमा हुन सक्ने भिडभाडलाई व्यवस्थित गर्दै सबै व्यवसायी/व्यापारी तथा नागरिकले नेपाल सरकारद्वारा तोकिएको यातायात तथा स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्न अनुरोध गर्ने ।

९) नगरपालिका क्षेत्रभित्र हुने सबै प्रकारका तालिम गोष्ठी, सम्मेलन आदि कार्यहरु हाललाई स्थगन गर्नुका साथै राजनीतिक दल, संघ संस्थाहरुले गर्ने बैठक भेला र शुभकामना आदानप्रदान जस्ता कार्यक्रम नगर्न अनुरोध गर्ने ।

**निर्णय नं २ :-** नगरपालिका मार्फत् गत वर्ष देखि नै महेन्द्र रत्न मा.वि को जग्गामा निर्माणाधिन मदन भण्डारी स्पोर्टस् खेल मैदानको विस्तारका लागि नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयमा प्रस्ताव पठाउने साथै निर्माण कार्यमा लाग्ने ३० प्रतिशत सहभागिताको रकम नगरपालिकाले बेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** बिर्तामोड नगरपालिका वडा नं १० तेलगानीमा रहेको सामुदायिक स्वास्थ्य ईकाईको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा बिर्तामोड नगरपालिका वडा नं १० बस्ने श्री प्रसाद शिवाकोटीले निजको नाममा दर्ता कायम रहेको साविक गरामनि ९ हाल बि.न.पा. १० मा पर्ने कि.नं ११० को ज.बि. १३९३० मध्ये ज.बि. ०,०६७७.२ उत्तर पूर्व तर्फबाट २० फुटे बाटोमा पर्ने गरि निशुल्क उपलब्ध गराउने भएकाले उक्त जग्गा नियमअनुसार प्राप्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** बिर्तामोड नगरपालिका वडा नं ८ किसनभिट्टामा रहेको सामुदायिक खोप केन्द्रको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा बिर्तामोड नगरपालिका वडा नं ८ बस्ने श्री मायादेवी पौडेलले निजको नाममा दर्ता कायम रहेको साविक गरामनि ४ हाल बि.न.पा. ८ मा पर्ने कि.नं १५५ को ज.बि. ०-३-५ मध्ये उत्तर पूर्व तर्फबाट लम्बाई ४० फुट र चौडाई २० फुट हुने गरी आउने ज.बि. निशुल्क उपलब्ध गराउने भएकाले उक्त जग्गा नियमअनुसार प्राप्त गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ५ :-** यस नगरपालिकाको कृषि विकास शाखाको एक समुह एक उत्पादन कार्यकम अन्तर्गत व्यवसायिक आलु उत्पादन कार्यकममा कृषकहरुको सहभागिता बढी भई आलुको विउ खरिदका लागि लागि विनियोजित रकम रु. २६,७०,५०० (छब्बिस लाख सत्तरी हजार पाँच सय) नपुग भएको हुँदा उक्त रकम ब.शि.नं. १.१ को साना सिंचाई कार्यकमबाट रु. १६,००,००० (सोह्र लाख ), ब.शि.नं. ३.८ को नर्सरी ट्रे खरिदबाट रु. ३,००,००० (तीन लाख), ब.शि.नं. ३.१४ को समस्यामा आधारित तालिम कार्यकमबाट रु. २,७५,००० (दुई लाख पचहत्तर हजार), ब.शि.नं.५.२ को सूर्यमुखि विउ खरिदबाट रु. १,००,००० (एक लाख) र ब.शि.नं. ५.३ को राज्मा खेती कार्यकमबाट रु. ४,००,००० (चार लाख) गरि जम्मा २६,७५,००० (छब्बिस लाख पचहत्तर हजार) रकमान्तर गर्ने साथै आलुको विषादि खरिदका लागि ब.शि.नं. ३.३ को किरा जाली खरिद कार्यकमबाट रु. ४,८७,५०० (चार लाख सतासी हजार पाँच सय) रकमान्तर गर्ने निर्णय गरियो । यसैगरि तरकारीको विउ खरिदका लागि ब.शि.नं. ३.२ को जिवातु मल निर्माणबाट रु. १,००,००० (एक लाख) र कृषि उच्च प्रविधि तालिमबाट रु. १,६५,००० (रु. एक लाख पैसट्ठी हजार) गरि जम्मा रु. २,६५,००० (दुई लाख पैसट्ठी हजार) रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** स्थानीय दररेट निर्धारण समितिबाट मिति २०७७।०४।२१ गते सिफारिस भई आएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम चालु आर्थिक वर्ष ०७७।०७८ को लागि बिर्तामोड नगरपालिका क्षेत्रभित्र लागुहुने गरि निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्युनतम् दररेट संलग्न अनुसूची बमोजिम तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ७ -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।०६।१९ च.नं ८९ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।०६।१८ च.नं २०९ को प्राप्त पत्रानुसार १५ बेडको नगर अस्पताल भवन निर्माणको लागि रु १ करोड बजेट विनियोजन भएको । यस सन्दर्भमा यस नगरपालिकाले आ.ब. ०७६/०७७ मा अर्थ मन्त्रालयको बिशेष अनुदान कार्यक्रमबाट रु ५ करोड वजेट प्राप्त भई स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसार नगर अस्पतालको भवन निर्माण कार्य भईरहेको हुँदा नगर अस्पताल भवन निर्माणको लागि विनियोजित भएको वजेट यस नगरपालिका वडा नं २ चारपानेमा स्थानीय जग्गादाताबाट प्राप्त भएको ७ कठ्ठा जग्गामा स्वास्थ्य चौकी चारपानेको भवन निर्माण कार्यको लागि कार्यक्रम संशोधन गरिदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सहमतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner